# राहत सामाग्रीको भन्सार महसुल सम्बन्धी जानकारी

नेपाल सरकार प्र.म तथा म.प को मिति २०७१।०१।१२ निर्णयानुसार विभिन्न मुलुक एवम् अन्तराष्ट्रिय संघ, संस्थाहरुबाट खोज तथा उद्धार कार्यमा उपयोगी साधन एवम् राहत सामग्री भन्सार नाकाबाट नियमानुसार जाँचपास गरी शीघ्र प्रवेशको व्यवस्था मिलाउनुका साथै त्यस्ता खोज तथा उद्धारका मालसामानमा लाग्ने भन्सार महसुल लगायतका दै-दस्तुर छुट दिने सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरिएको जानकारी गराइन्छ ।

क) नेपाल सरकार तथा संयुक्त राष्ट्रसंघबीच आपत्कालीन अवस्थामा राहत खेप (Relief Consignment) एवम् राहतकर्मीको साथका सामानको छिटो आयात, निर्यात र पारवहन व्यवस्थासम्बन्धी ३१ मे २००७ मा सम्पन्न ढाँचा सम्झौता (Model Agreement) को धारा २ तथा अन्यत्र उल्लेख भएबमोजिम संयुक्त राष्ट्रसंघिय राहत कार्यमा संलग्न निकायहरु वा सोही सम्झौताको अनुसूचीको ढाँचामा मानवीय मामिलाका लागि संयुक्त राष्ट्रसंघीय समन्वयकर्ताको कार्यालयबाट प्रदत्त प्रमाणपत्रधारी सरकारी, गैरसरकारी, अर्धसरकारी संगठनहरु एवम् ती निकायहरुबाट करार बन्दोबस्त गरिएका ढुवानीकर्ताको हकमा धारा ३.३ बकोजिम छुट दिने ।

ख) द्विपक्षीय सहायताअन्तर्गत विभिन्न मुलुक, सरकारी निकाय एवम् अन्य संगठनबाट उपलब्ध गराइने उद्धार एवम् राहत सामग्री सम्बन्धी सहायता स्वीकार गर्ने प्रयोजनका लागि गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा अर्थ मन्त्रालयका सहसचिव, परराष्ट्र मन्त्रालयका सहसचिव, त्रिभुवन विमानस्थलस्थित अध्यागमन कार्यालय प्रमुख र नेपाली सेनाका प्रतिनिधि रहेको संयुक्त कार्य सञ्चालन टोली गठन गर्ने । सो टोलीले औचित्य हेरी पूर्वस्वीकृति दिने र सोहि बमोजिमका सहायता स्वीकार गर्ने र

ग) खण्ड (ख) बमोजिम स्वीकृतिपत्र नै नलिएका वा प्रदत्त स्वीकृतिपत्रमा उल्लेख नभएका वा उल्लेख हुन छुटेका साधन वा राहत सामग्रीका हकमा खण्ड (ख) मा उल्लेखित टोलीले औचित्यका आधारमा निर्णय गर्ने ।